नेपाल सरकार
भूमिव्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय,परासी

नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

बर्दघाट नगर कार्यपालिकाको कार्यालय
बर्दघाट-४, नवलपरासी (ब.सु.प)
दर्ता नं.: 9020
मिति: 2083/5/24

नेपाल सरकार
भूमिव्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)

पत्र संख्याः २०८३/०८४
चलानी न. 9458

मितिः-२०८३/०५/२४

विषयः सूचना टाँस गरी जानकारी/मुचुल्का पठाइदिने सम्बन्धमा ।

श्री नवलपरासी जिल्ला अदालत, नवलपरासी (ब.सु.प.) ।
श्री जिल्ला समन्वय समितिको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) ।
श्री जिल्ला प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) ।
श्री नापी कार्यालय परासी, नवलपरासी (ब.सु.प.) ।
श्री बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बर्दघाट, नवलपरासी (ब.सु.प.) ।
श्री बर्दघाट नगरपालिका,१ ३ नं. वडा कार्यालय, नवलपरासी (ब.सु.प.) ।

प्रस्तुत् विषयमा नन्दलाल उपाध्यायको नाति, हरखु उपाध्यायको छोरा जिल्ला नवलपरासी, बर्दघाट नगरपालिका वडा नं. १३ बस्ने मुक्तिराम उपाध्यायको नाउँको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । अतः उक्त सूचना तँहा कार्यालयको सूचना पाटीमा टाँस गरी सूचना टाँसको मुचुल्का/जानकारी यस कार्यालयमा पठाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

श्री- प्रशासन [illegible]

..........
तेजराज शर्मा
प्रमुख भूमि प्रशासन अधिकृत

नेपाल सरकार

भूमिव्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय,परासी

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

पत्र संख्याः २०८३/०८४
चलानीः

मितिः-२०८३/०५/२४

**श्री भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प.) बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ (पैँतीस) दिने सार्वजनिक सूचना ।**

जिल्ला नवलपरासी (ब.सु.प.), साविक जहदा गा.वि.स. वडा नं. ३ हाल बर्दघाट न.पा. वडा नं. १३ धनेवा बस्ने नन्दलालको नाती, हरखु उपाध्यायको छोरा जग्गाधनी मुक्तिराम उपाध्यायले यस भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प.)मा पेश गरेको निवेदन अनुसार निजको नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला नवलपरासी, साविक जहदा गा.वि.स. वडा नं. ३/ङ कि.नं. ११७, ७२ र साविक जमुनिया गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८/ख कि.नं. १०८, ११० र ९६ ज.वि. क्रमशः ०-४-४, १-४-०, ०-१०-०, ०-१६-० र ०-१०-० का जग्गाको जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपूर्जामा जग्गाधनीको नाम, थर मुक्तिराम तिमिल्सीना, बाबु हर्कु पाध्या कायम रहेको बाजे नन्दलाल उपाध्याय कायम हुन छुटेकोले नागरिकताको प्रमाणपत्र बमोजिम नाम मुक्तिराम उपाध्याय र बाबु हरखु उपाध्याय र बाजे नन्दलाल उपाध्याय जग्गाधनी दर्ता श्रेस्ता तथा प्रमाणपूर्जामा कायम गराइ पाऊँ साथै कि.नं. १०० ज.वि. ०-१६-० का जग्गा नापी कार्यालयको प्लट रजिष्टर उतार बमोजिम कि.नं. ११० ज.वि. ०-१५-० संशोधन गरी जमुनिया गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८/ख कि.नं. ११० ज.वि. ०-१५-० कायम गरी जग्गाधनी दर्ता श्रेस्ता तथा प्रमाणपूर्जामा संशोधन गराइ पाऊँ भनी यस कार्यालयमा निवेदन दिएकोमा ज.ध. प्रमाणपूर्जा तथा श्रेस्ता मा हाल कायम मुक्तिराम तिमिल्सना र नागरिकताको प्रमाण पत्रमा कायम रहेको मुक्तिराम उपाध्याय दुवै नाम थर गरेका व्यक्ति नन्दलाल उपाध्यायको नाती, हरखु उपाध्यायको छोरा जग्गाधनी एउटै मुक्तिराम उपाध्याय हुन् वा होईनन् ? निजको तीन पुस्ते विवरण बाजे नन्दलाल उपाध्याय र बाबु हरखु उपाध्याय ज.ध.प्रमाण पूर्जामा कायम गरिदिन मिल्छ मिल्दैन ? माथि उल्लेखित कि.नंका जग्गामा निज निवेदकको जोतभोगमा छ, अथवा अन्य कसैको जोतभोग छ ? निजले मितिः२०५८।०३।३१ को निर्णय अनुसार अव्यवस्थित् बसोबास अन्तर्गत सुकुम्बासी समस्या समाधान आयोगबाट प्राप्त साविक जमुनिया गा.वि.स.वडा नं ८।ख नापी कार्यालयको प्लट रजिष्टर बमोजिम कि.नं ११० ज.वि.०-१५-० हुनुपर्नेमा निजको ज.ध.श्रेष्ता तथा प्रमाण पूर्जामा कि.नं १०० ज.वि. ०-१६-० जग्गाको कि.नं के कसरी फरक पर्न गएको हो ? जग्गाधनी नागरिकताको प्रमाण पत्र बमोजिम निवेदकले माग गरे बमोजिम जग्गाधनी दर्ता श्रेस्ता तथा प्रमाणपूर्जामा नामथर संशोधन र बाबु बाजेको तीनपुस्ते विवरण र नापी कार्यालयको प्लट उतार बमोजिम कि.न तथा क्षेत्रफल ज.ध.श्रेष्ता तथा प्रमाण पूर्जामा संशोधन गरी कायम गर्न मिल्ने नमिल्ने के हो ? निवेदकको मागदावी बमोजिम ज.ध.को नाम हाल कायम मुक्तिराम तिमिल्सीना संशोधन गरी मुक्तिराम उपाध्याय र तीन पुस्ते विवरण अन्तर्गत बाबु हरखु उपाध्याय र बाजे नन्दलाल उपाध्याय ज.ध.श्रेष्ता तथा प्रमाण पूर्जामा कायम गरिदिन माग निवेदन पेश गरेकोले यस कार्यालयबाट ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि निजको मागदावी अनुसार नाम तथा तीनपुस्ते विवरण संशोधन गर्दा सरकारी, सार्वजनिक जग्गामा असर पर्ने तथा अन्य कसैको हक भोग लाग्ने तथा विवरण संशोधन गर्दा फरक पर्ने भए आवश्यक प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित दावी सहित उजुर गर्न आउनुहोला अन्यथा निवेदकको मागदावी अनुसार कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।